*"एक ढिक्का भएर, सहयात्रा गर्छौं हामी !*
*शान्त र समावेशी ढापसुङलाई बनाउँछौं दामी !!"*



# श्री ढापसुङ आधारभूत विद्यालय

## हेलम्बु गाउँपालिका वडा नं. ६, ढापसुङ



# विद्यालय प्रोफाइल

## २०८०

## कक्षागत विद्यार्थीको तथ्याङ्क-२०८०

| क्र.सं | विवरण | जम्मा विद्यार्थी संख्या | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | जम्मा | | | दलित | अपाङ्गता भएका | सीमान्तकृत | |
| | | छात्र | छात्रा | जम्मा | | | | |
| १ | प्रारम्भिक बालविकास | ४ | ३ | ७ | | | | |
| २ | कक्षा १ | १ | ४ | ५ | | | | |
| ३ | कक्षा २ | ३ | ४ | ७ | | | | |
| ४ | कक्षा ३ | १ | २ | ३ | | | | |
| ५ | कक्षा ४ | ३ | | ४ | | | | |
| कक्षा CED देखि ४ सम्मको जम्मा संख्या | | १२ | १३ | २५ | | | | |




### विद्यालयमा प्रतिनिधित्व गर्ने समुदाय र ती समुदायबाट बालबालिकाहरुलाई विद्यालय आउन लाग्ने समय

यस विद्यालयमा सबै बालबालिका तामाङ समुदायका रहेका छन् । र सतप्रतिशत बौद्ध धर्म मान्ने मानिसहरु भएकोले सोही धर्म अनुसारको गतिविधिमा संलग्न हुने गर्दछन् । सबै बालबालिकाहरु विद्यालय नजिकै रहेको ढापसुङ गाउँबाट आउने गरेका छन् ।

## १. परिचयः

### १.१. विद्यालयको भौगोलिक अवस्थाः

श्री ढापसुङ आधारभूत विद्यालय सिन्धुपाल्चोक जिल्लाको, हेलम्बु गाउँपालिका वडा नं ६, स्थित ढापसुङ गाउँको बीचमा रहेको छ। हाल यो विद्यालय इसिडि देखि कक्षा ५ सम्म सञ्चालनमा छ। यो विद्यालयको स्थापना वि.सं.२०४७ सालमा भएको हो। यसको पूर्वमा किउल, दक्षिणमा महाँकाल, पश्चिममा नुवाकोट सीमाना कुटुङसाङ, उत्तरमा हेलम्बु ग्रेटट्रेल र श्री हेलम्बु बोधिसत्व मोडेल विद्यालय रहेको छ। साथै मध्यवर्ती क्षेत्रले छोएको छ। यस विद्यालयमा ढापसुङ गाउँका बालबालिका मात्र अध्ययन गर्दछन्। गाउँ वरपरको क्षेत्रलाई जंगलले ढाकेको छ। यहाँको जमिन भिरालो छ। यहाँका मानिसको दैनिक जीवन कृषिकार्य, घाँसपात, घट्ट तथा पशुपालन आदि गरेर बित्दछ। गाउँको वरपर वनजंगलले ढाकेको हुनाले विद्यालय क्षेत्रमा जंगली जनावरको डर पनि हुन्छ। यहाँ कोदो, मकै, आलु तथा अन्य सागसब्जी उत्पादन हुन्छ। यस विद्यालय क्षेत्रमा हिउँदमा धेरै जाडो हुने गर्मी कम हुन्छ। यस क्षेत्रमा हावा बढी लाग्ने र चट्याङ पर्ने हुन्छ।

### १.२. विद्यालय स्थापनाको लागि योगदान गर्ने व्यक्ति तथा संस्थाः

ढाप्सुङ गाउँमा विद्यालय चाहिन्छ भन्नेमा यसै गाउँको स्व. कुमार तामाङले पहल गरेका हुन्। २०५० सालमा एक्शन एड नेपालको सहयोगमा ३ कोठे भवन बनेपछि विद्यालयमा पठन पाठन सुरु भएको थियो। सुरुमा कक्षा १ देखि ३ सम्मको स्वीकृति पाएको विद्यालय शिक्षक दरवन्दी पनि एकैजना रहेको थियो। २०६७ सालमा हेल्भिटासको आर्थिक सहयोगमा अर्को दुईकोठे भवनको निर्माण भयो। २०७२ को भूकम्पबाट विद्यालयको संरचना ध्वस्त भयो। त्यसपछि तत्कालीन जिल्ला शिक्षा कार्यालयको समन्वयमा हेल्भिटासले टिएलसी सञ्चालनको लागि सहयोग गऱ्यो। २०७३ सालमा हेल्भिटासले पुनः ५ कोठे भवन, ३ कोठे शौचालय र २ वटा धारा निर्माणको लागि सहयोग गऱ्यो। हाल सोही संरचनामा हाल इसिडिदेखि कक्षा ५ सम्मको पठन पाठन सञ्चालन भइरहेको छ।

### २.१ समुदायका मानिसका बसाई सराईको अवस्थाः

यस गाउँका मानिसहरुमा स्थायी रुपमा बसाइँ सराइँ जाने प्रचलन छैन। तर कृषि पेशाले मात्र दैनिक जीवन धान्न गाह्रो भएपछि वैदेहिक रोजगारी तथा नेपालकै अन्य ठाउामा रोजगारीको लागि जाने चलन छ ।

### २.२ विद्यालयको सेवाक्षेत्र भित्रको समुदायमा जीविकोपार्जनको अवस्थाः

यहाँका मानिसहरुको मुख्य पेशा कृषि तथा पशुपालन हो। कृषि अन्तर्गत मकै, कोदो, गहुँ आलु, आदि यहाँका मानिसका मुख्य कृषि बाली हो।

### २.३ विद्यालय क्षेत्रभित्रको समुदाय र विद्यालय जाने उमेरका बालबालिकाको अवस्थाः

| क्र.सं. | गाउँको नाम | विद्यालय बाहिर रहेका बालबालिकाको संख्या | बिचैमा विद्यालय छाडेका बालबालिका |
|---|---|---|---|
| १. | ढाप्सुङ | ४ जना अन्य विद्यालयमा गएको | - |

### २.५ विद्यालयबाट अन्यत्र गएका बालबालिकाको विवरण

**शैक्षिक वर्ष २०८०**

| क्र.सं. | गाउँको नाम | गुम्बा | अन्य विद्यालय | अन्य ठाउँ | जम्मा |
|---|---|---|---|---|---|
| १. | ढाप्सुङ | - | ४ | - | ४ |

**शैक्षिक वर्ष २०७९**

| क्र.सं. | गाउँको नाम | गुम्बा | अन्य विद्यालय | अन्य ठाउँ | जम्मा |
|---|---|---|---|---|---|
| १. | ढाप्सुङ | | २ जना | - | २ |

**शैक्षिक वर्ष २०७८**

| क्र.सं. | गाउँको नाम | गुम्बा | अन्य विद्यालय | अन्य ठाउँ | जम्मा |
|---|---|---|---|---|---|
| १. | ढाप्सुङ | छैन | छैन | छैन | |

## ३. भौतिक पूर्वाधारः

### ३.१ समुदायको भौतिक पूर्वाधारः

गाउँपालिकाको अन्य गाउँहरुमा जस्तै यस विद्यालय क्षेत्रमा पनि कच्ची मोटर बाटो बनेको छ। त्यसैगरी सबै घरमा विद्युत पुगेको छ। सुरक्षित पिउने पानी लगायतका आधारभूत भौतिक पूर्वधार विकासमा यहाँका समुदायको पहुँच छ।

### विद्यालयको भौतिक सम्पत्तिको अवस्थाः

विद्यालयमा हाल २५ जना कुल बालबालिका अध्ययनरत छन् र कक्षा ५ सम्म सञ्चालित छ। त्यस अनुरुप विद्यालयसँग आवश्यक भौतिक पूर्वाधारको अभाव देखिँदैन। विद्यालयको दुईवटा भवन छ। खानेपानी तथा शौचालयको व्यवस्था छ। हाल विद्यालयसँग तल उल्लेख भएअनुसारको भौतिक संरचना उपलब्ध छ।

| भौतिक संरचनाको नाम | उपलब्ध संख्या |
|---|---|
| भवन | २ वटा |
| कक्षा कोठा | ६ वटा |
| कार्यालय कोठा | १ |
| शौचालय संख्या | ३ |
| खानेपानीको व्यवस्था | छ |
| खेल मैदान | छ |
| फर्निचर | |
| डेस्क बेन्च | २५ सेट |
| कुर्सी | १ सेट |
| अन्यः दराज | १ |

### ३.१.१ विद्यालयमा दिवा खाजाको व्यवस्था सम्बन्धी

विद्यालयमा दिवा खाजाको राम्रो प्रबन्ध गरिएको छ। दिवा खाजा विद्यालयले नै स्थानीय स्तरमा उपलब्ध स्रोत सामग्रीबाट बनाउने गरेको छ। कक्षा १- ५ का लागि संघीय सरकार ५ भन्दा माथिका लागि हेलम्बु गाउँपालिकाले व्यबस्था गरेको छ।

### ३.३ बालविकास ECD कक्षाः

यस विद्यालयमा ECD कक्षामा पढाउने बाल कक्षा सहजकर्ताले जष्ट नेपाल फाउण्डेशनबाट बाल कक्षा सामाग्रि सहितको TSA सहजकर्ताको Hands on support पाएको छ भने, ECD पहिलेको तुलनामा धेरै परिवर्तन भएको छ। र नानिबाबुहरु खुसी साथ कक्षाकोठामा सिकिरहेको पाइन्छ।


### ३.४ विद्यालयको अचल सम्पत्तिः

यस आधारभूत विद्यालयलाई विद्यालयको नाममा ५ रोपनी जग्गा छ। त्यस बाहेक अन्य कुनै अचल सम्पत्ति छैन।

| जग्गा | विद्यालयको नाममा छ | व्यक्तिको नाममा |
|---|---|---|
| ५ रोपनी | विद्यालयको नाममा छ | |

## ४. विद्यालय व्यवस्थापन समितिः

वर्तमान विद्यालय व्यवस्थापन समिति सन्च तामाङको अध्यक्षतामा गठन गरिएको हो। वर्तमान समितिमा २ जना महिला तथा ५ जना पुरुष सदस्य रहेका छन्। यस समितिको बैठक नियमित रुपमा बस्ने गरेको छ। समितिका अध्यक्ष सन्च तामाङ दोस्रो पटक विद्यालय व्यवस्थापन समितिको अध्यक्ष चयन भएका हुन्। उनी विद्यालयको लागि सक्रिय र सबै अभिभावकले विश्वास गरेको अध्यक्षको रुपमा परिचित छन्।



नेपाल सरकार
भूमिसुधार तथा व्यवस्था मन्त्रालय
भूमिसुधार तथा व्यवस्थापन विभाग
मालपोत कार्यालय सिन्धुपाल्चोक

जग्गाधनी संकेत नम्बर :
ज.ध.प्र.पुर्जा नं.:-

**जग्गाधनी दर्ता प्रमाण पुर्जा**

औंठा छाप: दायाँ | बायाँ

जग्गाधनीको नाम थर :- श्री ढापसुङ आधारभूत विद्यालय
ठेगाना :- जिल्ला:- सिन्धुपाल्चोक गा.वि.स./न.पा.:- हेलम्बु गा.पा. वडा नं.:- ६
नागरीकता / दर्ता नं. :-
कार्यालय :- जिल्ला शिक्षा कार्यलय , सिन्धुपाल्चोक
मिति

फोटो प्रमाणित गर्नेको दस्तखत
जग्गाधनीको दस्तखत

| प्रमाण संकेत | | | गा.वि.स. न.पा | वडा नं. नक्सा सिट | कित्ता नं. | विवरण घर आवादी, इत्यादि | ज.ध.को हकहिस्सा | मोहीको नाम थर | किसिम वा वर्ग | क्षेत्रफल रोपनी, वर्ग मि. | मोठ पाना नं. | कैफियत विवरण | प्रमाणित गर्नेको दस्तखत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सा.कि.नं. | कारोबार व्यहोरा | | | | | | | | | | | | |
| ३२२ | ५५५४ | २०७५ ०२ ०६ | ईचोक | १ | १२०६ | आवादी | पुरा | जोताहा खाली | वारी | १-८-०-० | २०७४ | | |
| | अंशवण्डा | | | १ | | रैकर निजि | | | चाहार | ७६३.११ | ५५५४ | | |

जम्मा क्षेत्रफल (व.मी.) ७६३.११

प्रिन्ट गर्नेको दस्तखत :-
प्रिन्ट मिति :-२०७५ ०२ ०६
रुजु गर्नेको दस्तखत :-

समितिका वतर्मान पदाधिकारीहरुको विवरण यस प्रकार रहेको छः

| क.सं | नाम थर | लिङ्ग | पद | प्रतिनिधित्व | अपाङ्गता | शैक्षिक स्तर | ठेगाना | सम्पर्क नं. |
|---|---|---|---|---|---|---|---|---|
| १. | सन्च तामाङ | पु | अध्यक्ष | अभिभावक | छैन | साक्षर | ढाप्सुङ | ९८४३५४४५६९ |
| २. | कविता तामाङ | म | सदस्य | अभिभावक | छैन | साक्षर | ढाप्सुङ | ९८४९४३६६३३ |
| ३. | जेठा तामाङ | पु | सदस्य | अभिभावक | छैन | साक्षर | ढाप्सुङ | ९८४१६८८२६० |
| ४. | मंगले तामाङ | पु | सदस्य | अभिभवक | छैन | साक्षर | ढाप्सुङ | ९८४३५९४९२६ |
| ५ | शेनाम दोर्जे लामा | पु | सदस्य | वडा प्रतिनिधि | छैन | कक्षा १० | ढाप्सुङ | ९८०९२१६००२ |
| ६ | विनिता तामाङ | म | सदस्य | शिक्षक प्रतिनिधि | छैन | +२ | ढाप्सुङ | ९८६०९९६४६१ |
| ७ | योग बहादुर पण्डित | पु | सदस्य सचिव | प्रधानाध्यापक | छैन | +२ | ढाप्सुङ | ९८४९९३७८२७ |

## ५. विद्यालयमा अन्य व्यवस्था:

विद्यालयको समग्र विकासको लागि विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघ जस्तै अन्य समिति तथा फोकल व्यक्तिको पनि आवश्यकता पर्दछ । यस विद्यालयमा बाल क्लब गठन गरिएको छ । बाल अधिकार तथा बाल संरक्षण फोकल व्यक्ति योगबहादुर पण्डित हुनहुन्छ ।

## ६. शिक्षक अभिभावक संघ:

यस ढाप्सुङ आधारभूत विद्यालयमा शिक्षक अभिभावक संघ यसभन्दा पहिले गठन भएको थिएन । जस्ट नेपाल फाउण्डेसनले २०७८ सालदेखि “हाम्रो समुदाय, हाम्रो विद्यालय” परियोजना कार्यान्वयनको क्रममा विद्यालयलाई शिक्षक अभिभावक संघ गठन गर्न सहजीकरण गरेको हो । वर्तमान शिक्षक अभिभवक संघ २०७९/०५/१२ गते गठन भएको हो । वर्तमान संघको पदाधिकारीको नामावली निम्नानुसार रहेको छ ।

#### ६.१ पदाधिकारीको नाम

| क.सं. | नाम थर | लिङ्ग | पद | प्रतिनिधित्व | जत | शैक्षिक स्तर | अपाङ्गता | ठेगाना | सम्पर्क नं. |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | राजु तामाङ | पु | अध्यक्ष | अभिभावक | | साक्षर | छैन | ढाप्सुङ | ९७६१८०३५५२ |
| २. | कान्छी तामाङ | म | सदस्य | अभिभावक | | निरक्षर | छैन | ढाप्सुङ | |
| ३. | कर्मा तामाङ | म | सदस्य | अभिभावक | | निरक्षर | छैन | ढाप्सुङ | |
| ४. | विवि तामाङ | म | सदस्य | अभिभावक | | निरक्षर | छैन | ढाप्सुङ | |
| ५ | बुद्धराम तामाङ | पु | सदस्य | अभिभावक | | साक्षर | छैन | ढाप्सुङ | |
| ६ | दावाओमो शेर्पा | म | सदस्य | शिक्षक प्रतिनिधि | | +२ | छैन | ढाप्सुङ | ९८४३७७४२१४ |
| ७ | योगबहादुर पण्डित | पु | सदस्य सचिव | प्रधानाध्यापक | | +२ | छैन | ढाप्सुङ | ९८४९९३७८२७ |

#### ६.२ शिक्षक अभिभावक संघको बैठकः

विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको बैठक सयुंक्त बस्ने गरेको छ। २०८० वर्षमा ६ पटक बसेको छ।



## ७. शिक्षक तथा कर्मचारीको अवस्थाः

विद्यालयमा १ जना करार शिक्षकको दरवन्दी देखिन्छ। एकजना निजीस्रोत शिक्षक तथा गाउँपालिका अनुदानबाट प्राप्त प्रारम्भिक बालविकास कक्षा शिक्षक तथा सम्भोटा शिक्षक एक-एकजना रहेका छन्। वर्तमान शिक्षकको विवरण ७.१ मा उल्लेख गरिएको छ।

#### ७.१ शिक्षक विवरणः

| क्र.सं | नम | पद | तह | किसिम | योग्यता | प्राप्त तालिम |
|---|---|---|---|---|---|---|
| १. | योगबहादुर पण्डित | प्र.अ. | प्रा.वि. | करार | +२ | |
| २. | विनिता लामा | शिक्षक | प्रा.वि. | निजी | +२ | |
| ३. | दावाओमु शेर्पा | शिक्षक | बालविकास कक्षा | गा.पा. अनुदान | +२ | |
| ४. | दावा दोर्जे शेर्पा | शिक्षक | सम्भोटा | गा.पा. अनुदान | +२ | |


### ७.२ तहगत शिक्षक संख्या

यस विद्यालयमा हाल कार्यरत शिक्षकहरुको तहगत र विषयगत विवरण यस प्रकार छ ।

| तह | सञ्चालित कक्षा संख्या | शिक्षक संख्या | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | प्रकार | | | जम्मा | | |
| | | स्वीकृत दरवन्दी | गा.पा. अनुदान | निजीस्रोत | जम्मा | महिला | पुरुष |
| प्रारम्भिक बालविकास | | | १ | | १ | १ | |
| आधारभूत कक्षा १-५ | | १ | १ | १ | ३ | १ | २ |
| **जम्मा** | | | | | ४ | २ | २ |

## ८. विद्यार्थी संख्या तथा विद्यालय सञ्चालनको अवस्थाः

यस खण्डमा तीन शैक्षिक वर्षको विद्यार्थी संख्या प्रस्तुत गरिएको छ। तीनवर्षको कुल विद्यार्थी संख्या संख्या हेर्दा विद्यालयले गुणस्रीय शिक्षा प्रदान गर्दै आएको भएपनि विद्यार्थी संख्या भने घट्दो छ । यसको मुख्य कारण वैदेशिक रोजगारी तथा जन्मदर कम हुनु बताइएको छ । तीनवर्षको विद्यार्थी संख्या विवरण निम्नासार प्रस्तुत गरिएको छ ।




### ८.१ २०७९ मा विद्यालय सञ्चालनको अवस्थाः

विद्यालय सञ्चालन अवस्था

| क्र.सं. | विवरण | बार्षिक औषत दिन | निर्धारित मापदण्ड |
|---|---|---|---|
| १ | विद्यालय खुलेको दिन | १९२ | २२० दिन भन्दा बढी |
| २ | पठनपाठन भएको दिन | १९० | न्यूनतम वार्षिक<br>कक्षा १-४ –१९२ |
| ३ | प्रारम्भिक बालविकासका विद्यार्थीको औसत उपस्थिति | १८० | न्यूनतम बार्षिक १९२ |
| ४ | कक्षा १-५ का विद्यार्थीको औसत उपस्थिति | १८४ | न्यूनतम बार्षिक २१० |
| ५ | विद्यालयमा शिक्षकको औसत उपस्थिति | २१० | विद्यालय खुलेको दिन मध्ये ९२% |

## ९. विद्यालय सुधार योजनाः

(क) हाल कार्यान्वयनमा रहेको विद्यालय सुधार योजना माथि उल्लेख गरिए अनुसारको समस्याहरुलाई सकेसम्म सम्वोधन गर्ने गरी बनेको छ । योजना समावेशी बनाइएको छ ।

(ख) वि.सु.यो. निर्माण गर्दा विद्यालय तल उल्लेख गरिए अनुसार प्रक्रिया अपनाईको थियो ।





## १० वार्षिक योजना तथा बजेटः

यस विद्यालयको सातवर्षको आर्थिक कारोवारको विवरण तलको तालिकामा प्रस्तुत गरिए अनुसार रहेको छ ।

| आ.व | २०७५/०७६ | २०७६/०७७ | २०७७/०७८ | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ | जम्मा रकम |
|---|---|---|---|---|---|---|---|
| सशर्तस्रोत | ३,५८,९१९ | ३,५९,८५० | ४,०९,६१८ | ५,२३,५३६ | ५,२३,५३६ | | |
| गापा स्रोत | ३,७६,४०० | ३,८०,००० | ३,९१,५०० | ४,९४,६४४ | ४,५०,००० | | |

## ११. विद्यालयको सुशासनः

विद्यालय गतिविधि सम्पूर्ण अभिभावक तथा सरोकारवालाहरु माझ पुऱ्याउन विद्यालयको आधिकारिक फेसबुक पेज सिर्जना गरि एको छ । उक्त पेज मार्फत विद्यालयको हरेक गतिविधि सार्वजनिक गरिन्छ । त्यसैगरी विद्यालयले वार्षिक रुपमा सामाजिक लेखा परीक्षण गराउँदै आएको छ ।




## १२. विद्यालयको सबल पक्षहरुः

- विद्यालयमा भौतिक पूर्वाधार आवश्यकता अनुसार प्रशस्त रहेको छ ।
- एउटै समुदायका बालबालिका मात्र भएकोले भाषगत रुपमा पढाउन सजिलो ।
- विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ सक्रिय ।
- करेसावारीको राम्रो व्यवस्थपन ।

- समुदायका मानिसहरुको विद्यालयप्रतिको सकारात्मक र सहयोगी ।

**सुधार पक्षहरु:**

- कक्षा ५ सम्म चलाउनु पर्ने ।
- स्थायी दरवन्दी हुनु पर्ने
- खेलकुद सामग्री थप गर्नु पर्ने ।
- अतिरिक्त क्रियाकलाप सुधार गर्नु पर्ने ।
- बालसन्दर्भ पुस्तक र सामग्रीहरु थप गर्नु पर्ने ।
- शिक्षकहरुलाई विभिन्न तालिम उपलब्ध गराउनु पर्ने ।

- गाउँमा छेवार, घेवा, विवाह, पुजा आदि सांस्कृतिक तथा धार्मिक गतिविधिमा बालबालिकाहरु अनुस्थित हुने ।
- अधिकांश अभिभावकहरु वैदेशिक रोजगारीमा गएको ।

**विद्यार्थीको सिकाई उपलब्धि विवरण: २०८०**


**तालिका ३: विद्यार्थीको औसत सिकाइ उपलब्धि विवरण**

| कक्षा | विद्यार्थी संख्या | | **अनिवार्य विषयहरुको विषयगत औसत सिकाई उपलब्धि** | | | | | | | कक्षागत औषत सिकाई उपलब्धि |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | नेपाली | अंग्रेजी | गणित | सामाजिक | थप अंग्रेजी | कम्प्युटर | विज्ञान | |
| | **जम्मा** | | | | | | | | | |
| | **छात्रा** | **छात्र** | | | | | | | | |
| प्रारम्भिक बालविकास | ७ | | | | | | | | | |
| | ३ | ४ | | | | | | | | |
| कक्षा १ | ५ | | | | | | | | | |
| | ४ | १ | | | | | | | | |
| कक्षा २ | ७ | | | | | | | | | |
| | ४ | ३ | | | | | | | | |
| कक्षा ३ | ३ | | | | | | | | | |
| | २ | १ | | | | | | | | |
| कक्षा ४ | ३ | | | | | | | | | |
| | ० | ३ | | | | | | | | |
| औसत कक्षा १-५ | | | | | | | | | | |

## विद्यार्थीको सिकाइ उपलब्धी विवरण: २०८०

| कक्षा | विद्यार्थी संख्या | अनिवार्य विषयहरुको विषयगत औसत सिकाइ उपलब्धि | | | | | | कक्षागत औसत सिकाइ उपलब्धि |
|---|---|---|---|---|---|---|---|---|
| | | नेपाली | अंग्रेजी | गणित | मेरो सेरोफेरो /सामाजिक | विज्ञान | OPT./स्वास्थय तथा शारीरीक | |
| इ.सि.डी. | | | | | | | | |
| कक्षा १ | | ५५% | | ४५% | ५५% | | ४५% | ४९% |
| कक्षा २ | | ६१% | ५०% | ५०% | ५८% | | ४९% | ५४% |
| कक्षा ३ | | ५२% | ५३% | ४९% | ६०% | | ५०% | ५३% |
| कक्षा ४ | | ५९% | ४५% | ४५% | ५५% | ५७% | ५५% | ५६% |
| कक्षा ५ | | | | | | | | |

# हेलम्बुको नक्सा र ढापसुङ आधारभूत विद्यालय




**Legend**

**Schools**

1 Urleni BS
2 **Bhanjyang BS**
3 Srijana BS
4 Siddhartha BS
5 **Sarbodaya SS**
6 **Padmeshwori BS**
7 Gyanodaya BS
8 Mahakali Nindeshwori BS
9 Saraswoti SS
10 East Point SS
11 Mahendra BS
12 Harisidhi BS
13 Pating BS
14 Mahakaleshwori BS
15 Dhapsung BS
16 Helambu Boddhisattva Model SS
17 Ichok SS
18 Mahendra SS
19 Manikantheshwori BS
20 Sathdhara BS
21 Risankhumane BS
22 Jayabageshwori SS
23 Ishing BS
24 Palchowk SS
25 Yangrima SS
26 Setidevi BS
27 Chitre BS
28 Bhumeshwori SS
29 Golmadevi SS
30 Sarkathali BS
31 Pemachholing SS
32 Gorakhnath BS
33 Melamchighyang SS
34 Bolde BS
35 Nurbuling SS


Email: dhapsung.school@gmail.com


Lat: N27$^0$56'03.4''    Long: 85$^0$30'25.9''    Altd: 2093m